TUTA Journal Vol 9/10 (1), 2021/2022, ISSN : 2350-8892

# सांस्कृतिक प्रतिनिधित्व : सैद्धान्तिक संश्लेषणपत्र लेखनको अवधारणा

**रेखा रेग्मी, सहप्राध्यापक, नेपाली विभाग, म्याग्दी बहुमुखी क्याम्पस, बेनी**

**Email :** rekha@myagdicampus.edu.np

**सार**

प्रस्तुत लेखमा संश्लेषणपत्र लेखनमा सैद्धान्तिक पक्षको अध्ययन गर्ने आधार तथा त्यसका पद्धतिका विषयमा विमर्श गरिएको छ । गुणात्मक अनुसन्धानपछतिमा आधारित रही गरिने यस लेखमा सांस्कृतिक प्रतिनिधित्वसम्बन्धी विषयको सैद्धान्तिक संश्लेषण गरिएको छ । संश्लेषणपत्र लेखनको अभिप्राय शोधकार्यमा सहजता ल्याई अनुसन्धानमा रिक्तता तथा त्यसको सैद्धान्तिक र अवधारणाको निर्माणमा महत्त्वसँग सम्बन्धित छ । शोधकार्यमा शोधार्थीलाई विघ्नरहित अनुसन्धान निरन्तरताका साथै अध्ययनमा सहजता सिर्जना गर्नका लागि संश्लेषणपत्रको प्रमुख भूमिका रहन्छ । सांस्कृतिक प्रतिनिधित्वका विभिन्न चरमध्ये सामाजिक संरचनागत प्रतिनिधित्व, सामाजिक/सांस्कृतिक र विचारधारात्मक प्रतिनिधित्व प्रभुत्व तथा अर्थको उत्पादन र वितरणसम्बन्धी विषयको सैद्धान्तिक संश्लेषण गरी तिनको शोधकार्यमा उपयोगितासम्बन्धी पक्षको संश्लेषण गरिएको यस लेखमा तत्विषयक सामग्रीलाई विषयगत रूपमा वर्गीकरण गरी तिनलाई संश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : सामाजिक संरचना, विचारधारा, प्रभुत्व, अर्थको उत्पादन

Articles information : Manuscript Receive : 04/03/2021, Review Date : 20/09/2022, Date of Acceptance : 14/12/2022, Publisher : Mahendra Morang Adarsh Multiple Campus, TUTA Unit, Biratnagar.

DOI : https://doi.org/10.3126/tutaj.v10i1.74321

Journal Homepage : https://nepjol.info/index.php/tutaj/index Copy right (c) 2024 TUTA Journal This work is licensed under the Creative Commons CC BY-NC License. https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

प्रतिनिधित्व आधारभूत राजनीतिक सिद्धान्तको विषय रहेको छ । प्रतिनिधित्वको सैद्धान्तिक आधार र अवधारणा निर्माणका लागि बेलायती सांस्कृतिक अध्ययनका नामले परिचित बर्मिङ्घम विश्वविद्यालयमा स्थापित सीसीआरसीको महत्त्वपूर्ण भूमिका रहेको छ । माक्र्सवादले वर्गमा समेटेको तर वर्गइतर सम्बोधन गर्न नसकेको विषयलाई प्रकाशमा ल्याउने सन्दर्भमा सांस्कृतिक अध्ययनको अन्तरअनुशासनात्मक आवरणमा यस सिद्धान्तले विकसित र स्थापित हुने अवसर प्राप्त गरेको हो । बेलायती सांस्कृतिक अध्ययन समूहका सदस्य स्टुआर्ट हलको भूमिका यस सिद्धान्तको विकासका लागि विशेष रहेको छ । बेलायती साँसकृतिक अध्ययनले नवमाक्र्सवादी मानेका इटालेली माक्र्सवादी चिन्तक एन्टोनियो ग्राम्सीको सिद्धान्तका आधारमा प्रतिनिधित्वको सिद्धान्तलाई राजनीतिक प्रतिनिधित्वको विषयका रूपमा सैद्धान्तीकरण गरेका हुन् । भाषामा नै सबै विषयको प्रतिनिधित्व हुन्छ भन्ने मान्यताका आधारमा हलले यसको अध्ययन गरिनुपर्ने अवधारणा र मान्यता विकास गरेपछि प्रतिनिधित्व सांस्कृतिक अध्ययनको अभिन्न अङ्ग बन्नपुगेको हो ।

प्रतिनिधित्व सांस्कृतिक अध्ययनअन्तर्गत भाषा र सङ्केतका रूपमा निर्माण भएका भाष्यले विषय, वस्तु वा परिस्थितिलाई कसरी परिभाषित गरेको छ भन्ने सन्दर्भको खोजी गर्ने अध्ययन पद्धतिका रूपमा रहेको छ । १९६० को दशकपछि विकास भएको सांस्कृतिक अध्ययनको मुख्य समालोचना पद्धतिका रूपमा विकास भएको प्रतिनिधित्वले भाषिक सङ्केतप्रदत्त भाष्यले समाजमा रहेका विषयलाई कसरी र कुन रूपमा प्रस्तुत गरेको छ भन्ने पक्षको खोजी गर्दछ । स्टुआर्ट हलका अनुसार प्रतिनिधित्वको अर्थ भाषाका माध्यमबाट अर्थपूर्ण कुरा भन्नु हो वा भाषिक सङ्केतका

माध्यमबाट प्रतिनिधित्व गर्नु हो, संसारलाई अर्थपूर्ण बनाउनु हो (२०१०, पृ. १५२) । यस ब्रह्माण्डमा रहेका सबै विषयका सङ्केत भाषमा विद्यमान रहेकाले भाषले जुन विषयलाई अर्थका रूपमा ग्रहण गरेको छ त्यही नै प्रतिनिधित्वको विषय रहने गर्दछ । प्रतिनिधित्व भाषिक सङ्केतले समाज र सामाजिक संरचनालाई गरेको परिभाषा र त्यसको अर्थसँग सम्बद्ध अध्ययनमा केन्द्रित रहन्छ । समाजमा रहेका विविधतापूर्ण विषयको परिकल्पना र उक्त विषयप्रतिको अवधारणा भाषामा निर्माण भएका तथा तिनै भाष्यमा रहेका अर्थका आधारमा प्रतिनिधित्वको खोजी गरिनु पर्ने सिद्धान्तको विकास भएको छ ।

भाषाले अर्थको उत्पादन कसरी गरेको छ तथा उक्त अर्थले सामाजिक विविधताका के कस्ता पक्षको पृष्ठपोषण गरेको छ भन्ने तथ्यलाई प्राथमिकतामा राखेको हुन्छ । प्रतिनिधित्वको विषयमा हलको अवधारणालाई क्रिस बार्कर (२०१०) ले समर्थन गरेका छन् । बार्करले भाषिक संरचनालाई पाठका रूपमा परिभाषित गरी पाठमा प्रयुक्त भाषा र उक्त भाषाले सङ्केत गरेको भाष्यका आधारमा प्रतिनिधित्वको विषय निर्धारित हुने तर्क गरेका छन् । प्रतिनिधित्व भन्नाले प्रतीकात्मक रूपमा कसरी अर्थको उत्पादन हुन्छ भन्ने विषयको खोजी गर्नु हो । सांस्कृतिक अध्ययनका लागि पाठमा आएका भाषा र सङ्केत नै आधारभूत ठोस सामग्री र महत्त्वपूर्ण माध्यम हुन् । यसैले सांस्कृतिक अध्ययनमा प्रतिनिधित्वको रूपमा प्रतीकात्मक रूपमा पाठमा आएका सङ्केत र अभ्यासको माध्यमबाट कसरी अर्थको उत्पादन भएको छ भनेर अन्वेषण गरिनुपर्दछ (२०००, पृ. २२६–२२७) । सांस्कृतिक अध्ययनले प्रतिनिधित्वलाई साङ्केतिक रूपमा आउने अर्थका रूपमा परिभाषित गरेको छ । पाठले प्रतिबिम्बन गरेको अर्थका आधारमा उक्त संरचनामा अवशिष्ठ प्रतिनिधित्वको निक्यौंल गर्नसकिन्छ ।

प्रतिनिधित्व समाजमा रहेका विविधता र उक्त विविधताभित्र निर्मित सामाजिक मान्यताका रूपमा स्थापित भएको राजनीतिक विषय हो । समाज सञ्चालनका लागि निर्माण गरिएका प्रथा, परम्परा, सामाजिक न्यायका रूपमा अस्तित्वमा रहेका सामाजिक मूल्य र मान्यताहरूले स्थापना गरेका मानकमा विद्यमान सङ्केतले विविधतालाई कसरी प्रतिबिम्बित गरेको छ भन्ने पक्षको अन्वेषण गर्ने अध्ययन पद्धतिका रूपमा प्रतिनिधित्वले स्थान बनाएको छ । प्रतिनिधित्व भाषिक सङ्केतले स्थापना गर्ने सामाजिक विश्वास र साझा अवधारणामा निर्भर र अस्तित्व प्राप्त गर्ने विषय हो । बार्कर (२००४) ले प्रतिनिधित्वको केन्द्रीय विषयलाई यसप्रकार प्रस्तुत गरेका छन् -

> प्रतिनिधित्वको अवधारणा साझा विश्वास, अवधारणा र प्रक्रियाहरूको समुच्चय हो जुन सङ्केतका आधारमा हुने अभ्यासका रूपमा आउँछन्, ती अभ्यासहरू जुन अर्को वस्तु वा अभ्यासको वास्तविक संसारमा प्रतिबिम्बित हुन्छन् । यसैले प्रतिनिधित्व एउटा प्रतीकात्मक कार्य हो जसले एक स्वतन्त्र वस्तुलाई प्रतिबिम्बका रूपमा स्थापित गर्दछ । सांस्कृतिक अध्ययनका सन्दर्भमा प्रतिनिधित्वले प्रतीकात्मक वस्तुलाई समाजमा रहेको स्वतन्त्र वस्तुका रूपमा उभ्याउने गर्दछ । सङ्केतले दिने अर्थका आधारमा प्रतिनिधित्वको सृजना भएको हुन्छ (बार्कर, २००४, पृ. १७७) ।

सारतः प्रतिनिधित्व भाषिक सङ्केतले निर्माण गर्ने विषय भएकाले भाषिक संरचनाले सामाजिक विषयका बारेमा प्रस्तुत गर्ने दृष्टिकोणका आधारमा यसको निर्धारण हुने तथ्य सिद्ध छ । साहित्य भाषाको कलात्मक वस्तु भएकाले साहित्यकारले सामाजिक संरचनालाई कसरी प्रस्तुत गरेको छ अथवा कसरी प्रतिनिधित्व गराएको छ भन्ने पक्षको खोजी गर्ने सशक्त माध्यम साहित्य हुनआउँछ । साहित्यमा साहित्यकारले चयन गरेको भाष्यका आधारमा प्रतिनिधित्वको खोजी गरिन्छ । सांस्कृतिक प्रतिनिधित्वको अध्ययन गर्ने विभिन्न मानकहरू रहेका छन् । सांस्कृतिक प्रतिनिधित्वका यी मानकले यस विषयको अध्ययनक्षेत्रका साथै यसको गहिराईलाई प्रतिबिम्बन गर्दछन् । यस विषयसँग सम्बन्धित प्रतिनिधि मानकका आधारमा यस संश्लेषणपत्रको प्रायोगिक पक्षलाई विभिन्न विषयमा वर्गीकरण गरिएको छ । प्रस्तुत अध्ययन प्रतिनिधित्वको सैद्धान्तिक संश्लेषण सम्बद्ध रहेकाले सांस्कृतिक समालोचनाको रूपमा प्रतिनिधित्वले

अध्ययन गर्ने वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्व, प्रभुत्व र अधिनस्थता, राजनीतिक र विचारधारात्मक प्रतिनिधित्व तथा अर्थको उत्पादन र वितरणजस्ता विषयगत आधारमा वर्गीकरण गरी नको विवेचना गरिएको छ ।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनमा साहित्यको समालोचना गर्ने अनुशासनका रूपमा रहेको प्रतिनिधित्वको सैद्धान्तिक पक्षको संशलेषण गरिनेछ । प्रतिनिधित्वको सिद्धान्त राजनीतिक विषय रहे पनि यसले साहित्यकारले साहित्यमा प्रस्तुत गरेको भाष्यका आधारमा साहित्यिक पाठको विश्लेषण र मूल्याङ्कन गर्ने अध्ययन पद्धतिको स्थान बनाएको छ । प्रस्तुत अध्ययन सांस्कृतिक प्रतिनिधित्वको सैद्धान्तिक संश्लेषणसम्बद्ध रहेकाले यस अध्ययनको पूर्णताका लागि सैद्धान्तिक विषयलाई चार भिन्न विषयमा विभाजन गरी उक्त विषयका आधारमा भएका पूर्वकार्यको समीक्षा र विवेचना गरिनेछ । यस अध्ययनको पूर्णताका लागि सांस्कृतिक अध्ययनअन्तर्गतको प्रतिनिधित्वको सिद्धान्त  र यसको विश्लेषण गर्ने प्रतिमानका बारेमा विवेचना गरिएका लेख–रचना, समालोचना, अनुसन्धान र शोधकार्यको समीक्षा गरिनेछ । समीक्षा गर्ने क्रममा प्रतिनिधित्व विषयक सैद्धान्तिक अवधारणा र दृष्टिकोण प्रस्तुत भएका सैद्धान्तिक पूर्वकार्यलाई समेटिनेछ । यस अध्ययनका लागि विषयगत रूपमा प्राप्त सामग्रीलाई कालक्रमिक ढाँचामा विश्लेषण गरी तिनमा रहेको सैद्धान्तिक स्थिति र अध्ययनसँग तिनको अन्तरसम्बन्धको विवेचना गरिनेछ ।

**नतिजा र विश्लेषण**

प्रतिनिधित्व सामाजिक संरचनामा सत्ताका रूपमा परिभाषित केन्द्र र शासितका रूपमा रहेका वर्ग/समुदायका बीचमा रहेको सत्तासम्बन्धको विवेचना गरी किनारामा रहेका वर्ग/समुदायको स्थितिलाई केन्द्रमा राखी अध्ययन गर्ने राजनीतिक सिद्धान्त रहेको छ । मूलभूत रूपमा माक्र्सवादले सम्बोधन गर्न नसकेका विषयलाई समेटी माक्र्सवादमा वर्गभित्रै समेटिएका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक जाति, भूगोल, संस्कृति र विचारधाराको मूलधारसँगको सम्बन्ध र पहिचान स्थापित गर्ने सन्दर्भमा यसको सैद्धान्तिक आधार तयार भएको हो । यस सिद्धान्तको स्थापना, विकास र विस्तारका लागि सिसिआरसीको अहम् भूमिका रहेको छ । यस सिद्धान्तले केन्द्रका कारण पछि परेका वा पारिएका केन्द्रइतरका सबै पक्षलाई सत्तासम्बन्धका आधारमा मूलधारसँग जोडी तिनको पहिचान सम्बद्ध विषयलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । माक्र्सवादको व्याख्याका क्रममा नवमाक्र्सवादको रूपमा विकास भएको प्रतिनिधित्वको सिद्धान्त पछिल्लो समय उत्तरसंरचनावादी दर्शनबाट प्रभावित रहेको छ । यस अध्ययनमा प्रतिनिधित्वका विषयमा अमर गिरीको सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, ताराकान्त पाण्डेयको माक्र्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र, रमेशप्रसाद भट्टराईको सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त र सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ तथा मोहनराज शर्माको अवरजन अध्ययन र साहित्य विषयक सैद्धान्तिक समालोचनामा प्रस्तुत गरिएका दृष्टिकोणलाई भावान्तरण गरी संश्लेषण गरिएको छ ।

**सामाजिक संरचनागत प्रतिनिधित्व**

भाषिक सङ्केतमा अर्थ रहने हुनाले अर्थलाई आधार मानी प्रतिनिधित्वको खोजी गरिन्छ । स्रष्टाले सृजनाका क्रममा प्रयोग गरेको भाषा र त्यसले दिने अर्थका आधार नै प्रतिनिधित्व चयनका प्रमुख आधार हुन् । समाजमा रहेका विषयगत विविधतालाई सङ्केतका माध्यमबाट प्रस्तुत गर्ने पाठले समाजको वास्तविकताको चित्रलाई प्रस्तुत गर्ने हुँदा त्यही पाठका आधारमा प्रतिनिधित्वको अध्ययन हुनेगर्दछ । प्रतिनिधित्वले भाषिक संरचनामा रहेका चिह्न र सङ्केतलाई आधार मानी अध्ययनलाई निश्चित मार्गचित्र प्रदान गर्दछ ।

प्रतिनिधित्वको अध्ययनअन्तर्गत साहित्यिक पाठको विश्लेषण गर्ने प्रतिमानका रूपमा वर्गीय, जातीय र लैङ्गिक प्रतिनिधित्व रहेको छ । प्रतिनिधित्व पनि राजनीतिक विषयसम्बद्ध सिद्धान्त रहेको छ भने यसले समालोचना पद्धतिका रूपमा पनि आफ्नो स्थान बनाएको छ । प्रतिनिधित्वको प्रक्रियाअन्तर्गत साहित्यिक पाठमा स्रष्टाले सङ्केत गरेको भाष्यमा प्रतिबिम्बित सामाजिक संरचना र त्यसभित्र रहेका व्यक्ति र समुदायको भूमिका तथा पात्रको सङ्ख्यात्मक उपस्थितिलाई आधार मानिन्छ । सामाजिक संरचनाले विभाजन गरेको प्रतिनिधित्वका विषयमा अमर गिरी (२०६७)लेआफ्नो अवधारणा यसप्रकार प्रस्तुत गरेका छन् — साहित्यिक पाठमा प्रस्तुत भएका समाजका वर्ग, लिङ्ग, जाति आदि सामाजिक श्रेणीको विषयलाई सांस्कृतिक सन्दर्भसँग सन्दर्भित गरेर हेर्ने अवधारणा प्रतिनिधित्व रहेको छ । साहित्यिक पाठमा प्रस्तुत भएका सामाजिक श्रेणी भन्नाले साहित्यकारले चयन गरेको वर्ग, जाति, लिङ्ग र तिनको कार्यभूमिका भाषिक विधानमा समेटिएर आउने सम्पूर्ण प्रक्रिया र उक्त प्रक्रियाबाट निर्माण भएको संरचना भन्ने बुझिन्छ । सामाजिक श्रेणीभित्र प्रयोग गरेको पात्र, कथित उच्चवर्ग, जाति र पितृसत्ता पक्षधर तथा निम्नवर्ग, जाति र नारीको भूमिकालाई साहित्यिक पाठमा कसरी प्रस्तुत गरिएको छ भन्ने विषयलाई भाषिक प्रतिनिधित्वको विषयमा अध्ययन गरिन्छ । साहित्यिक पाठमा यसप्रकारको सामाजिक/सांस्कृतिक भूमिका, उसले सामाजिक व्यवहारका क्रममा प्रयोग गरेको भाषा, उक्त भाषाले निर्धारण गरेको भूमिका जस्ता विषयलाई खोजी प्रकाशमा ल्याउने कार्य गर्दछ । गिरीको प्रस्तुत अध्ययन स्रष्टाले सृजनामा प्रयोग गरेका पात्रको सामाजिक भूमिकाका आधारमा ती पात्रको स्थितिका बारेमा सैद्धान्तिक अवधारणाको निर्माण गर्नका लागि अहम् पूर्वकार्यका रूपमा रहेको छ ।

साहित्यिक पाठमा सामाजिक प्रतिनिधित्वको प्रक्रिया पाठभित्र प्रयोग भएका चरित्रको कार्यभूमिकाका आधारमा निर्धारण हुने विषय रहेको छ । साहित्यक पाठमा प्रतिनिधित्वको विषयलाई खोजी प्रकाशित गर्ने प्रक्रियाका विषयमा ताराकान्त पाण्डेय (२०६७)ले आफ्नो अवधारणा प्रस्तुत गरेका छन् । उनका अनुसार साहित्यिक पाठका कसको प्रतिनिधित्व कुन रूपमा भएको छ, उक्त प्रतिनिधित्वले प्रस्तुत गरेको राजनीति र पहिचानको अवस्थालाई प्रकाशित गर्ने विषय रहेको छ । पाण्डेयको यस अध्ययनमा साहित्यिक समालोचना पद्धतिका रूपमा रहेको प्रतिनिधित्वले सृजनात्मक प्रयोजनका साथै लेखनको विशिष्ट उद्देश्यका रूपमा स्रष्टाले प्रस्तुत गर्न खोजेको विषयलाई अध्यनको आधार बनाउनु पर्ने विषयतर्फ सङ्केत गरेको छ । साहित्यिक पाठमा चित्रण गरिएको सामाजिक संरचनाभित्र विद्यमान राजनीतिक स्थितिलाई समेत कृतिविश्लेषणको अन्तर्यमा विवेचना गर्नुपर्ने विषयको सैद्धान्तिक आधार प्रस्तुत गरेको छ । साहित्यमा सामाजिक संरचनाको प्रतिबिम्बात्मक स्थितिको प्रयोग आलङ्कारिक रूपमा हुने गर्दछ । उक्त आलङ्कारिकतामा अन्तर्निहित भएर आएका विषयले सामाजिक संरचनामा रहेका विभिन्न विषयलाई सङ्केत गरेका हुन्छन् । जसमा साहित्यकारले केन्द्रइतरका विषयलाई समावेश गरे/नगरेको पक्षलाई पाठ भित्रैबाट खोजी तिनलाई प्रकाशमा ल्याउने कार्य यस सिद्धान्तको रहेको छ । प्रतिनिधित्वका विषयमा भएको प्रस्तुत सैद्धान्तिक अध्ययन साहित्यिक पाठमा प्रतिनिधित्व र पहिचान विषयक विश्लेषणको मानक निर्माण गर्ने प्रयोजनका लागि महत्त्वपूर्ण पूर्वकार्य रहेको छ ।

प्रतिनिधित्वको विषय भाषिक संरचनामा रहेका सङ्केतका आधारमा निर्धारण हुने विषय रहेको छ । पाठको निर्माणमा साहित्यकारले प्रयोग गरेको भाषिक विधानका आधारमा प्रतिनिधित्वलाई परिभाषित गर्दछ । राजनीतिक विषय रहँदारहँदै पनि अन्तरअनुशासनात्मक विधाका रूपमा यसले समालोचना पद्धतिका मान्यता प्राप्त गरेको छ । प्रतिनिधित्वको सैद्धान्तिक विषयमा रमेशप्रसाद भट्टराई (२०६७)को अध्ययन महत्त्वपूर्ण सामग्री रहेको छ । उनका अनुसार 'पाठले प्रस्तुत गरेको अर्थको खोजी पाठमा प्रयोग गरेका सङ्केतका आधारमा गरिने समालोचना पद्धति जसले समाजिक संरचनाले प्रस्तुत गरेका शासक र अधिनस्थको सत्ता सम्बन्धका आधारमा गर्दछ । भट्टराईको यस अध्ययनले स्रष्टाले साहित्यिक पाठमा प्रस्तुत गरेका भाषिक सङ्केतका आधारमा ती सङ्केतभित्र विद्यमान साहित्यिक आलङ्कारिकताको प्रयोजनका अतिरिक्त राजनीतिक विषयसमेतको सूक्ष्म पर्यावलोकन गरी तिनको अन्तर्सम्बन्धमाथि

प्रकाश पारिनु पर्ने सैद्धान्तिक मत प्रस्तुत गरेको छ । प्रथमतः भाषामा विद्यमान आलङ्कारिक विशेषताभित्र सामाजिक संरचनाको प्रतिनिधित्व र परिभाषीकरण कसरी भएको छ भन्ने विषयलाई खोजिन्छ । प्रतिनिधित्वले सामाजिक संरचनामा विद्यमान वर्ग र वर्गीय सम्बन्ध, लिङ्ग र लिङ्गीय सम्बन्ध, जाति र जातीय सम्बन्ध, सामाजिक व्यवहार र आचरण तथा उपर्युक्त सामाजिक संरचनामा रहेका सत्तासम्बन्धको विवेचना गर्दछ । प्रस्तुत अध्ययनमा आएका सैद्धान्तिक अवधारणाको उपयोग जुनसुकै साहित्यिक पाठमा सामाजिक संरचनाअन्तर्गत आएका वर्गीय, जातीय, लैङ्गिक भूमिकासहित चित्रण भएका पात्रको भूमिकाको अध्ययनका लागि सैद्धान्तिक सामग्री रहेको छ । यस अर्थमा प्रस्तुत सैद्धान्तिक पूर्वकार्य साजाजिक संरचनामा रहेका वर्गीय, जातीय र लैङ्गिक पहिचान र प्रतिनिधित्वको विवेचनाका लागि सैद्धान्तिक पर्याधारको निर्माण र निर्धारण गर्ने कार्यका लागि उपयोगी सिद्ध हुनेछ ।

**राजनीतिक र विचारधारात्मक प्रतिनिधित्व**

राजनीतिक र विचारधारात्मक विषय प्रतिनिधित्वको अध्ययन गर्ने सशक्त मानक रहेको छ । सामाजिक संरचनाभित्र निर्माण भएका भाष्य र तिनले निर्धारण गरेको ज्ञानका आधारमा राजनीतिक र विचारधारात्मक प्रतिनिधित्व निर्धारण हुने गर्दछन् । विविधतायुक्त सामाजिक संरचनामा समाजका वर्ग, जाति, लिङ्ग, भूगोल, भाषा, क्षेत्र, जस्ता अनेकौं विषयका बारेमा के कस्ता दृष्टिकोण, मान्यता र भाष्य निर्माण भएको छ भन्ने पक्षको विवेचना राजनीतिक र विचारधारात्मक प्रतिनिधित्वको विषय रहेको छ । समाजमा स्थापित रहेको वर्ग, जाति, संस्कृति, लिङ्ग तथा तिनको भूमिका अधिनस्थ, भवितामुखी वा प्रतिरोधी कुन रूपमा भएको छ ? सामाजिक संरचनामा विभेद र वञ्चितीकरणको तहलाई परिभाषित गर्ने प्रक्रिया कस्तो रहेको छ ? साहित्य सृजनागत प्रयोजनसँग जोडिएर आउने यस मानकले पाठभित्र उठाइएका मुद्धाभित्रबाट प्रतिनिधित्वको विषयलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । पुँजीवादी सामाजिक संरचनामा वर्ग, वर्गसङ्घर्ष, वर्गीय सम्बन्धको विषय, परम्परारुढ पितृसत्तात्मक सामाजिक संरचनामा लैङ्गिक भूमिका तथा ब्रह्मणवादी सामाजिक संरचनामा कथित उच्च र निम्न जातिको असन्तुलित र विभेदकारी विचारधारा जस्ता विषयलाई राजनीतिक र विचारधारात्मक प्रतिनिधित्वले खोजी गर्दछ । यस सिद्धान्तले पुँजीवादी संरचनामा उच्चवर्गको अधिनस्थतामा रहनु पर्ने निम्नवर्ग, पितृसत्तात्मक समाजमा नारीलाई कमजोर र पुरुषलाई शक्तिशाली मान्ने ज्ञानको निर्माण र प्रशारण, उच्च जातीय वर्चशवका कारण दमनमा परेका निम्न जाति लगायत क्षेत्र, भूगोल जस्ता किनारामा रहेका विषयलाई विवेचना गर्दछ ।

यस अध्ययनका सन्दर्भमा राजनीतिक र विचारधारात्मक प्रतिनिधित्वका लागि मोहनराज शर्मा (२०७०)को अध्ययन महत्त्वपूर्ण रहेको छ । शर्माले प्रतिनिधित्वलाई सारपूर्ण रूपमा परिभाषित गरी साहित्यमा प्रतिनिधित्वको प्रतिबिम्बन र यस सिद्धान्तअन्तर्गत खोजी गरिने विषयको संश्लेषण गरेका छन् । शर्माका अनुसार "सामान्यतः चुनेर पठाएको प्रतिनिधिले गर्ने कार्यलाई प्रतिनिधित्व (रिप्रेजेन्टेसन) भनिन्छ । विशेष वा प्रस्तुत सन्दर्भमा चाहिँ कलमजीवीले भाषाका माध्यमबाट कसैलाई प्रतिबिम्बित गर्नु पनि प्रतिनिधित्व हो" (पृ. ३२०) । शर्माको अध्ययन प्रतिनिधित्व विषयक अध्ययनका लागि जुनसुकै मानकको विश्लेषण गर्ने आधारका रूपमा रहेको छ । साहित्यिक पाठमा प्रस्तुत गरिएको राजनीतिक र विचारधारात्मक प्रतिनिधित्व विषयक मानकको व्याख्याका लागि प्रस्तुत पूर्वकार्य महत्त्वपूर्ण सैद्धान्तिक सामग्री रहेको छ ।

यस अध्ययनका सन्दर्भमा रजनी ढकालको अध्ययन महत्त्वपूर्ण पूर्वकार्य रहेको छ । लैङ्गिक अध्ययनलाई केन्द्रीय विषयका रूपमा चयन गरिएको उनको अध्ययनमा पितृसत्ताले निर्माण गरेको राजनीतिक र विचारधारात्मक प्रतिनिधित्वको विषय केन्द्रीय मुद्धाका रूपमा रहेको छ । प्रतिनिधित्वमा लैङ्गिक प्रभुत्व र अधिनस्थतासम्बन्धी भाष्यले विभेद र वञ्चितीकरणको विषयलाई विचारधारात्मक प्रतिनिधित्वअन्तर्गत अध्ययन गरिन्छ । पितृसत्तात्मक विचारधाराले नारीलाई कमजोर मान्ने पूर्वाग्रहपूर्ण ज्ञानका कारण नारी समानता र समताको विषय ओझेलमा परेको तर्क

रजनी ढकाल(२०६७)को रहेको छ । उनका अनुसार — सामाजिक भूमिकामा महिलालाई कमजोर र पुरुषलाई शक्तिशाली मानिने सामाजिक मूल्यसम्बद्ध भाष्य तथा नारीलाई कम शक्तिशाली वा शक्तिहीन रूपमा प्रस्तुत गर्ने भाष्य प्रतिनिधित्व हो । प्रतिनिधित्वको विषय जैविक निर्मितिका आधारमा निर्माण हुने विषय नरहेकाले पूर्वाग्रहपूर्ण रूपमा लादिएका पितृसत्तात्मक विचारधाराले लैङ्गिक प्रतिनिधित्वको उचित व्यवस्था नभएको विषयलाई यस अध्ययनले केन्द्रविन्दुमा राखेको छ । यस अध्ययनले लैङ्गिक प्रतिनिधित्वअन्तर्गत साहित्यिक पाठको विवेचना गरिने राजनीतिक र विचारधारात्मक मानकको विश्लेषण गर्ने सैद्धान्तिक पक्षलाई उठान गरेको छ । विशेषतः लैङ्गिक विषय राजनीतिक र विचारधारात्मक अध्ययनसँग सम्बन्धित विषय रहेकाले साहित्यिक पाठमा प्रस्तुत भएको लैङ्गिक पक्षको अध्ययन र विश्लेषण गर्ने प्रयोजनका लागि प्रस्तुत अध्ययन पूरक सामग्री रहेको छ । यस अध्ययनमा आएका सैद्धान्तिक र वैचारिक अवधारणाको उपयोग राजनीतिक र विचारधारात्मक अध्ययनका लागि सैद्धान्तिक सामग्रीका रूपमा रहेको छ ।

**प्रभुत्व र अधिनस्थता**

प्रभुत्व भिन्न राजनीतिक विषय रहे पनि यसले सांस्कृतिक प्रतिनिधित्वसँग सम्बन्धित विषयको समेत अध्ययन गर्दछ । प्रभुत्व साहित्यिक पाठमा विद्यमान शासित र अधिनस्थ बीचको सम्बन्धलाई प्रकाशमा ल्याउने सिद्धान्त रहेको छ । प्रभुत्वको सैद्धान्तिक अवधारणाले साहित्यिक पाठमा प्रस्तुत गरेको धारणा र र चित्रण गरेको समाजलाई सामाजिक संरचनाका रूपमा ग्रहण गर्दछ । साहित्यिक पाठमा रहेको शासक र शासित बीच कसरी निर्माण भएको सङ्कथन तथा शासकले आफ्ना विचारधारालाई सहमतीय वा दवाबका आधारमा कार्यान्वयन गरेको छ भन्ने विषयको खोजी गर्दछ । सामाजिक संरचनामा पितृसत्तात्मक समाजमा रहेको पुरुष वर्चश्वले नारीमाथि गरेको विभेदकारी ज्ञानको उपयोगलाई सँस्कृतिक अध्ययनसम्बद्ध प्रभुत्वका रूपमा अध्ययन गर्ने भएकाले प्रतिनिधित्वको एक प्रतिमानका रूपमा प्रभुत्व र विभेदलाई लिन सकिन्छ । प्रभुत्व राजनीतिक विषय रहँदारहँदै पनि यसले अन्तरअनुशासनात्मक विषयका रूपमा साहित्यको समालोचना गर्दछ । नेपाली सांस्कृतिक समालोचनाका क्षेत्रमा प्रभुत्वको सैद्धान्तिक अवधारणाका विषयमा अमर गिरी (२०६७)को अध्ययन महत्त्वपूर्ण रहेको छ । गिरीले प्रभुत्वको विषयलाई सामाजिक संरचनामा शक्ति र अधिनस्थ बीचको सम्बन्धका आधारमा शक्तिशाली वर्गको विचारधारा तथा प्रभुत्वको आडमा शासित समुदायमाथि गरिएको वा जबरजस्ती लादिएको विचारका रूपमा परिभाषित गरेका छन् । प्रस्तुत अध्ययनमा शासक र शासितका बीचमा हुने पारस्परिक सम्बन्धका आधारमा शासकले आफ्ना शासकीय विचारधारा शासितमाथि थोपरिरहेको छ भन्ने विषयको अध्ययन गर्ने विषयलाई प्रतिनिधित्यको रूपमा अर्थ्याएका छन् । प्रतिनिधित्वको सिद्धान्तअन्तर्गत साहित्यिक पाठको समालोचना वा मूल्याङ्कन गर्दा पाठप्रदत्त भाष्यमा शासितले कसरी अधिनस्थ भइरहन स्वीकार गरेको छ भन्ने पक्षलाई साहित्यिक संरचनामा खोजी प्रकाशित गरेको गर्दछ । प्रस्तुत अध्ययनले समेटेको विषय र दृष्टिकोण यस अध्ययनको एक सैद्धान्तिक प्रतिमानका रूपमा रहेको प्रभुत्व र अधिनस्थताको सिद्धान्त पक्ष निर्माणका लागि सहयोगी सामग्रीका रूपमा रहेको छ ।

सामाजिक संरचनामा विद्यमान रहेका ज्ञानको प्रतिबिम्बन साहित्यिक पाठमा प्रस्तुत हुने भएकाले प्रभुत्वको विषय समालोचना पद्धतिको एक प्रतिमानका रूपमा रहेको छ । प्रभुत्वको सैद्धान्तिक विषयलाई ताराकान्त पाण्डेय (२०६७)ले संश्लेषण गरेका छन् । उनका अनुसार — प्रभुत्व भौतिक र विचारधारात्मक उपकरणहरूको संयोजन जसबाट प्रभुत्वशाली वर्गले सत्ता स्थापित गर्ने माध्यम रहेको छ । प्रभुत्वको अध्ययन विना सामाजिक संरचनामा रहेको शासक र शासित बीचको सम्बन्ध बाहिर नआउने तथा सामाजिक संरचनामा विद्यमान विभेदको अवस्था ज्ञात नहुने भएकाले प्रतिनिधित्वको अध्ययन गर्ने एक मानकका रूपमा प्रभुत्व र अधिनस्थता रहने देखिन्छ । प्रस्तुत पूर्वकार्यको उपयोग साहित्यिक पाठमा प्रस्तुत भएको प्रभुत्वको अवस्थाको विश्लेषण गर्ने सन्दर्भमा सैद्धान्तिक अवधारण निर्माण गर्ने प्रयोजनका लागि सान्दर्भिक रहेको छ ।

प्रभुत्वको सिद्धान्त शासक र शासितका बीचमा रहने सम्बन्धबाट निःश्रृत विषय हो । शासकले शासक भइरहनका लागि निर्माण गर्ने विचारधाराको समग्र संरचनालाई यसले आफ्नो सिद्धान्तमा समेटेको छ । यस विषयमा रमेशप्रसाद भट्टराई (२०६७)को अध्ययन महत्त्वपूर्ण सैद्धान्तिक पूर्वकार्य रहेको छ । उनका अनुसार शासक वर्गले पछिपरेका वा राज्यको नीतिका कारण पछि पारिएका समुदायको दमनका लागि निर्माण गर्ने नियम, मूल्य र मान्यता विषयक विचारधारा जसले सत्ताइतर रहेका व्यक्ति वा समुदायमाथि आफ्ना विचार लादेर आधीनमाथि दमन र विभेदको स्थिति निर्धारण गर्ने सैद्धान्तिक आधारलाई प्रभुत्व भनेका छन् । प्रभुत्वले साहित्यिक समालोचनाका रूपमा पाठमा विद्यमान शक्ति र अधिनस्थ विषयलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । असमान पुँजीवादी सामाजिक संरचनामा विद्यमान वर्गीय असन्तुलनको विषय, पितृसत्तात्मक सामाजिक संरचनाले महिलामाथि थुपारेका सामाजिक/सांस्कृतिक नियम, आर्थिक व्यवस्थामाथि पुरुषको नियन्त्रण, ब्राह्मणवादी जातिव्यवस्थामा कथित उच्चवर्गको वर्चश्व जस्ता विषयलाई सांस्कृतिक प्रतिनिधित्व अन्तर्गत विवेचना गर्ने प्रयोजनका लागि यस अध्ययनको सैद्धान्तिक महत्त्व रहेको छ । प्रस्तुत पूर्वाध्यायनलाई सैद्धान्तिक पर्याधार निर्माण गर्ने प्रयोजनका लागि उपयुक्त सामग्रीका रूपमा लिनसकिन्छ ।

प्रभुत्वको सिद्धान्त राजनीतिक विषयबाट साहित्यको समालोचना गर्ने पद्धतिसम्म विस्तारित रहेको छ । रमेशप्रसाद भट्टराई (२०७६) ले सांस्कृतिक प्रभुत्वको विषयका बारेमा महत्त्वपूर्ण अध्ययन गरेका छन् । उनका अनुसार — प्रभुत्व साहित्यिक पाठमा महिला र पुरुषको अवस्थालाई कसरी प्रस्तुत गरिएको छ भन्ने विषयलाई प्रकाशमा ल्याउने सिद्धान्त रहेको छ । यस अध्ययनले साहित्यमा प्रतिबिम्बित सामाजिक संरचना उक्त संरचनामा अभिव्यक्त भएका दृष्टिकोण अझ भनौं पाठमा प्रस्तुत भएका सङ्केतका आधारमा प्रतिनिधित्वको पहिचान गरी ती विषय कसरी प्रस्तुत भएका छन् एवं तिनले उठाउन खोजेको मूल विषय के हो भन्ने अवधारणाको सैद्धान्तिक पक्षको पृष्ठपोषण गर्दछ । सिद्धान्ततः प्रभुत्वसँग जोडिएर आउने विषय अधिनस्थता रहेको छ । प्रभुत्वशाली वर्गले आफ्ना विचारधारा प्रयोग मर्ने माध्यम अधिनस्थ रहने गर्दछ । यसर्थ भट्टराईको प्रभुत्व विषयक यस अध्ययनका आधारमा प्रभुत्व र अधिनस्थतालाई एक मानक मानी विवेचना गर्न सकिने आधार देखिन्छ । प्रस्तुत अध्ययनलाई प्रतिनिधित्वअन्तर्गत साहित्यिक पाठमा चित्रण भएका प्रभुत्वको अवस्थालाई मूल्याङ्कन गर्ने सैद्धान्तिक सामग्रीका स्थानमा उपयोगी रहेको छ ।

**अर्थको उत्पादन र वितरण**

साहित्यका सन्दर्भमा प्रतिनिधित्व साहित्यकारले प्रयोग गरेको भाषासँग सम्बन्धित विषय हो । स्रष्टाले आफ्ना सृजनामा प्रयोग गर्ने भाषाले समाज र सामाजिक संरचनाका विविध सन्दर्भलाई कसरी चित्रण गरेको छ अथवा समाज र सामाजिक संरचनाका विषयमा स्रष्टाले निर्माण गरेको भाष्यका आधारमा प्रतिनिधित्वको अवस्था निर्क्यौल गरिन्छ । प्रस्तुत विषयमा ताराकान्त पाण्डेय (२०७०) को अध्ययन महत्त्वपूर्ण सैद्धान्तिक सामग्री रहेको छ । पाण्डेयका अनुसार — "पाठमा प्रयुक्त भाषा र अन्य गैरभाषिक सङ्केतहरूले विशिष्ट सन्दर्भमा अर्थको उत्पादन गर्दछन् र त्यस अर्थले विभिन्न व्यक्ति, समुदाय, जाति, समूहको प्रतिनिधित्वलाई सङ्केत गर्छ" (पृ, १९२) । साहित्य भाषिक सङ्केत व्यस्थाको कलात्मक अभिव्यञ्जना रहने विधा भएकाले साहित्यमा प्रस्तुत भएका कोड वा भाष्यका आधारमा प्रतिनिधित्वको अध्ययन गर्न सकिने तथ्य सिद्ध रहेको छ ।

प्रतिनिधित्वअन्तर्गत अर्थको उत्पादन र वितरणका बारेमा अमर गिरी (२०७०)को अध्ययन महत्त्वपूर्ण सैद्धान्तिक सामग्री रहेको छ । गिरीले साहित्यमा प्रतिनिधित्वले विभिन्न सामाजिक श्रेणीहरूको उपस्थिति र तिनका बारेमा स्रष्टाले प्रयोग गरेको भाषाले कस्तो अर्थलाई प्रस्तुत गरेको छ भन्ने पक्षको खोजी गरिने अवधारणा राखेका छन् । समालोचना पद्धतिको स्वरूप प्राप्त गरेको प्रतिनिधित्वअन्तर्गत साहित्यकारले समाजिक संरचनालाई कसरी प्रयोग गरेको छ भन्ने विषयमा निर्भर रहने गर्दछ । समाजमा रहेको वर्गीय, जातीय, लैङ्गिक, भौगोलिक, विचारधारात्मक, वा अन्य बहुल विषलाई प्रस्तुत गर्दा ती संरचनाप्रतिको दृष्टिकोण अर्थसम्बद्ध भएर आउने गर्दछ । गिरीको प्रस्तुत अध्ययन

प्रतिनिधित्वले विवेचना गर्ने अर्थको उत्पादन र वितरणको सैद्धान्तिक मानकको आधार तयार गर्ने प्रयोजनकाक लागि उपयोगी सामग्री रहेको छ ।

यस अध्ययनका सन्दर्भमा मुख्य सैद्धान्तिक सामग्रीका रूपमा रमेशप्रसाद भट्टराई (२०७०)को अध्ययनलाई लिन सकिन्छ । साहित्यमा उपस्थित भएका पात्रको भूमिका र तिनका विषयमा सामाजिक संरचनाभित्र निर्माण भएको भाष्य अर्थको उत्तपादन र वितरणसम्बद्ध विषय हुन । भट्टराईका अनुसार — साहित्यमा प्रस्तुत भएका सामाजिक संरचनासँगै राष्ट्रियताको उपस्थिति तथा तिनका बारेमा प्रयोग गरिएको कोडले अर्थको विषयलाई सङ्केत गर्ने अवधारणा नै प्रतिनिधित्वको विषय रहेको छ । सामाजिक संरचना र राष्ट्रियतासँग सम्बन्धित विषयलाई सृजनामा कस्तो अवस्थामा प्रस्तुत गरिएको छ तथा तिनलाई प्रस्तुत गर्न स्रष्टाले कुन भाष्यको प्रयोग गरेको छ त्यसका आधारमा अर्थको उत्पादन र वितरणलाई खोजी गरिन्छ । भट्टराईको यस अध्ययनलाई एक सैद्धान्तिक सामग्रीका रूपमा लिई साहित्यिक कृतिमा प्रस्तुत अर्थको उत्पादन र वितरण विषयक मानकको सैद्धान्तिक पर्याधार निर्माण गर्न उपयोगी रहेको छ ।

**निष्कर्ष**

स्रष्टाले साहित्यिक कृतिमा सामाजिक संरचना र राष्ट्रियतासम्बद्ध अनेकौ. विषयलाई प्रतिनिधित्व गराएको हुन्छ । सांस्कृतिक समालोचनामा स्रष्टाले रोजेको प्रतिनिधित्वको अवस्था र आधारबीचको पारस्परिक सम्बन्धको खोजी गरी उक्त विषयको विवेचना गर्नु नैयसको मुख्य सैद्धान्तिक मान्यता रहेको छ । प्रतिनिधित्व राजनीतिक विषय भएकाले साहित्यकारले उठान गर्न खोजेको रामाजिक संरचना, राष्ट्रियता, राजनीति, विचारधारा, प्रभुत्व लगायत अर्थको उत्पादनसम्मको विषयलाई अध्ययन गर्ने प्रचलन रहेको छ । असमान सामाजिक संरचनायुक्त व्यवस्थाभित्र विद्यमान विविधताका बीचबाट समाजका संरचक घटकको उपस्थिति भएको/नभएको पक्षलाई अध्ययन गर्नुपर्ने विषय यस सिद्धान्तको प्रमुख अध्ययन क्षेत्र रहेको छ । साहित्यमा चयन भएका पात्र, परिवेश र उठान गरेको विषयले कुन राजनीति र कस्तो विचारधारालाई कुन रूपमा कसरी प्रस्तुत गरेको छ भन्ने विषयले प्रतिनिधित्वलाई दिशानिर्देश गर्दछ । साहित्यमा साहित्यकारले कस्ता सङ्केतको निर्माण गरी विषयलाई प्रस्तुत गरेको छ भन्ने पक्षको खोजी गरी त्यसको राजनीतिक विषयलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । साहित्यले समाजप्रतिको दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा निर्माण गरेका भाष्यका आधारमा पाठप्रदत्त विषय, विचारधारा र अर्थसमेतको खोजी गरी पाठगत प्रतिनिधित्व प्रकाशमा ल्याइन्छ । प्रतिनिधित्व खोजी गर्ने मुख्य आधार भाषाले निर्माण गर्ने कोड र त्यसको अर्थसँगको सम्बन्ध नै हो । सारतः सामाजिक संरचनामा आएका वर्ग, लिङ्ग, जाति, सामाजिक, सांस्कृतिक, राजनीतिक, भौगोलिक, विचारधारात्मक जस्ता विविधतापूर्ण श्रेणीलाई साहित्यकारले साहित्यिक पाठमा उपस्थित गराएको विषयका आधारमा यसको खोजी गरिन्छ । पाठमा रहेको सङ्केत व्यवस्थाले उपस्थिति पाठमा कसरी भएको छ भन्ने विषयको विवेचना प्रतिनिधित्वको अध्ययनअन्तर्गत गरिन्छ ।

## सन्दर्भ सामग्रीसूची

गिरी, अमर (२०६७). सांस्कृतिक अध्ययनका आधार र अवधारणा. *भृकुटी* पूर्णाङ्क १०, पृ. ११-४६ ।

ढकाल, रजनी (२०६७). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. *भृकुटी* भृकुटी पूर्णाङ्क १०, पृ. ३२६-३३३ ।

पाण्डेय, ताराकान्त (२०६७). संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवाद. *भृकुटी* पूर्णाङ्क १०, पृ. १७२-१९३ ।

भट्टराई, रमेशप्रसाद (२०१०). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू. भृकुटी पूर्णाङ्क १०, पृ. ३३४-३६५ ।

भट्टराई, रमेशप्रसाद (२०७७). सांस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ. भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०६७). अवरजन अध्ययन र साहित्य. *भृकुटी* पूर्णाङ्क १०, पृ. ३१४-३२६।

Barker, K. (2000). *Making Sense of Cultural Studies*. Sage Publication.

Barker, K. (2004). *The Sage Dictionary of Cultural Studies*. Sage Publication.

Hall. S. (2010). *Representation and Cultural Representation*. Oxford University Press.